जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ४८ • २०८३ साल आषाढ २३ गते मंगलबार (7 July, Tuesday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-

## भेटेरिनरी अस्पतालका प्रमुखसहित २ जना पक्राउ




**टुडे समाचारदाता**

राजविराज । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सप्तरीमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छापा मारेको छ ।

पशुचौपाया र बाख्राहरूमा लाग्ने महामारी जन्य रोग विरुद्ध लगाइने पीपीआर खोप लगाउन नियुक्ति गरेका भ्याक्सिनेटरसँग भुक्तानीका लागि २० देखि २५ प्रतिशतसम्म रकम प्रति भ्याक्सिनेटर घुस मागेको उजुरी परेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरीको टोलीले छापा मारेको छ ।

अख्तियारको टोलीले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सप्तरीका कार्यालय प्रमुख रामपवित्र दास र सवारी चालक भोगेन्द्र यादवलाई नियन्त्रणमा लिएको जनाएको छ ।

उनीहरूलाई अख्तियारको टोलीले कार्यालयबाटै नियन्त्रणमा लिएको जानकारी आफूले पाएको सप्तरीका प्रमुख जिल्ला अधिकारी श्याम कृष्ण थापाले जानकारी दिए ।

कार्यालय प्रमुख दासले जनाए अनुसार भ्याक्सिनेटरहरूलाई घुस रकम माग्न सवारीचालकलाई दबाब दिएर फोन गर्न लगाउने गरेका थिए ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सप्तरीले भ्याक्सिनेटरहरूलाई भ्याक्सिन लगाएवापत प्रति बाख्रा ५ रूपैयाँ र पशुचौपायाको १० रूपैयाँ दिने गरेको छ ।

उनीहरूले भ्याक्सिन लगाएको क्षेत्रका सम्बन्धित वडाध्यक्षबाट प्रमाणित गराएर भुक्तानीका लागि निवेदन दिने गरेको छ ।

सो काम गरेको रकम भुक्तानी माग गर्दा कार्यालय प्रमुखले घुस मागेपछि भ्याक्सिनेटरहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा सामूहिक रुपमा उजुरी दिएका थिए ।

### देउवा समूह नयाँ पार्टी गठनतर्फ अग्रसर

## पार्टीको नाम 'राष्ट्रिय कांग्रेस', चुनाव चिह्न 'शंख', नेतृत्व चयनबारे भेलाबाट टुंग्याइने

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको संस्थापन इतर पक्ष शेरबहादुर देउवा समूह नयाँ पार्टी गठनको तयारीमा औपचारिक रूपमा अघि बढेको छ । काठमाण्डुको चुनदेवीस्थित '१५औँ महाधिवेशन तयारी सम्पर्क कार्यालय'मा बसेको नेताहरूको बैठकबाट राष्ट्रिय भेला आह्वान गर्ने तयारीलाई अन्तिम रूप दिँदै त्यसको मिति तय गर्ने प्रक्रिया अघि बढाएको छ । नेताहरूका अनुसार शीर्ष तहमा नयाँ पार्टी गठनबारे सहमति बनेपछि अब राष्ट्रिय भेलामार्फत औपचारिक निर्णय लिइनेछ ।

यसअघि असार १९ गते निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काको गोल्फुटारस्थित निवासमा भएको छलफलमा नयाँ पार्टी गठनको रणनीति र राष्ट्रिय भेलाको उद्देश्यबारे सहमति जुटेको थियो । सो बैठकमा विमलेन्द्र निधि, प्रकाशमान सिंह, डा. शशांक कोइराला, कृष्णप्रसाद सिटौला, डा. प्रकाशशरण महत, एनपी साउद, रमेश लेखकलगायत नेताहरू सहभागी थिए । उनीहरूले कांग्रेसभित्रको राजनीतिक गतिरोध अन्त्यका लागि नयाँ विकल्प आवश्यक रहेको निष्कर्ष निकालेका थिए ।



बैठकमा कृष्णप्रसाद सिटौलाले कांग्रेसको ऐतिहासिक राजनीतिक विरासत बोकेका नेताहरू इतर पक्षमै रहेको दाबी गर्दै नेतृत्व चयनमा आफू दाबेदार नरहेको स्पष्ट पारे । उनले बीपी कोइराला, कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह, महेन्द्रनारायण निधि, गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवाको राजनीतिक धारसँग जोडिएका नेताहरूमध्येबाट नेतृत्व चयन गर्नुपर्ने धारणा राखेका थिए। स्रोतका अनुसार नयाँ पार्टीको नेतृत्वमा डा. शेखर कोइराला वा डा. शशांक कोइरालालाई अघि सार्ने विषयमा छलफल भइरहेको छ ।

नेता विमलेन्द्र निधि र प्रकाशमान सिंहले राष्ट्रिय भेला बोलाउने निर्णय अब थप लम्ब्याउन नहुनेमा जोड दिएका थिए । यस्तै, डा. प्रकाशशरण महत, एनपी साउद र रमेश लेखकले सभापति गगन थापा पार्टी एकताको पक्षमा सक्रिय नदेखिएको निष्कर्ष सुनाउँदै अब नयाँ राजनीतिक बाटो स्पष्ट पार्नुपर्ने बताएका थिए । लेखकले पटक-पटक संवाद गर्दा पनि एकीकरणको सम्भावना कमजोर बन्दै गएको अनुभव बैठकमा राखेका थिए ।

२०५९ सालमा नेपाली कांग्रेस विभाजन भएर कांग्रेस प्रजातान्त्रिक गठन हुँदा शेरबहादुर देउवासँग रहेका महत, साउद र लेखकले अहिले पनि आवश्यक परे नयाँ पार्टी गठन गर्न कठिनाइ नहुने धारणा व्यक्त गरेका थिए । सो बैठकमा गगन कुमार थापा, विश्वप्रकाश शर्मा, प्रदीप पौडेल र गुरुराज घिमिरेसंग भएका पछिल्ला संवादबारे जानकारी गराइएपछि अधिकांश नेताहरू राष्ट्रिय भेला आयोजना गर्ने निष्कर्षमा पुगेका थिए ।

कांग्रेस इतर पक्षले नयाँ पार्टी निर्माणको अभियानलाई देशव्यापी बनाउने तयारी पनि गरेको छ । बीपी कोइरालाको स्मृति दिवसका अवसरमा साउन ६ गते देशका १६५ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा प्रतिनिधि पठाइने भएको छ । ती प्रतिनिधिले स्थानीय नेता-कार्यकर्तासँग छलफल गर्दै नयाँ अभियानमा सहभागी हुन आग्रह गर्नेछन् । राष्ट्रिय भेला घोषणा भएपछि शीर्ष नेताहरू पनि आ-आफ्नो प्रदेशमा पुगेर कार्यकर्तासँग प्रत्यक्ष संवाद गर्ने तयारीमा छन् ।

नयाँ पार्टीको सम्भावित नाम 'राष्ट्रिय कांग्रेस' राख्ने र चुनाव चिह्न 'शंख' बनाउने विषयमा प्रारम्भिक छलफल भएको नेताहरूले बताएका छन् । कांग्रेस नामलाई निरन्तरता दिने र पार्टी निर्माणलाई १५औँ महाधिवेशनसँगै आगामी स्थानीय तथा प्रदेश निर्वाचन केन्द्रित बनाउने रणनीति बनाइएको छ। नेतृत्वमा अनुभवी नेता रहने र अधिकांश पदाधिकारीमा युवा पुस्तालाई अवसर दिने अवधारणामा पनि छलफल भइरहेको जनाइएको छ ।

यता कांग्रेस इतर पक्षको गतिविधिलाई नेकपा (एमाले) र नेकपाले पनि नजिकबाट नियालिरहेका छन् । आगामी स्थानीय तथा प्रदेश निर्वाचनमा सम्भावित सहकार्य र गठबन्धनबारे विभिन्न तहमा अनौपचारिक संवाद भइरहेको नेताहरूको दाबी छ । नेकपाका शीर्ष नेताहरूले डा. शेखर कोइरालासँग भेटघाट गरिसकेका छन् भने एमाले अध्यक्ष केपी शर्मा ओलीले पनि कांग्रेसको आन्तरिक राजनीतिक अवस्थाबारे चासो राखिरहेको बताइएको छ। इतर पक्षका नेताहरूका अनुसार नयाँ राजनीतिक शक्ति गठन भएमा सो पार्टीसंग पनि सहकार्य गर्न एमाले र नेकपा दुवै सकारात्मक देखिएका छन् ।

यद्यपि नयाँ पार्टी गठन, नेतृत्व चयन, नाम र चुनाव चिह्नबारे अन्तिम निर्णय भने राष्ट्रिय भेलाले गर्ने जनाइएको छ। इतर पक्षका नेताहरूका अनुसार अबको प्राथमिकता संगठन विस्तार, कार्यकर्ता परिचालन र नयाँ राजनीतिक विकल्पलाई संस्थागत गर्दै आगामी निर्वाचनको तयारीमा केन्द्रित हुने रहेको छ ।

## विकास योजनाको भुक्तानीसम्बन्धी विवाद समाधान भएको दाबी

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को अन्तिम चरणमा विकास योजनाको भुक्तानीसम्बन्धी विवाद समाधान भएको दाबी गरे पनि विभिन्न मन्त्रालयका मन्त्री तथा कर्मचारीहरूले अझै ठूलो परिमाणमा भुक्तानी रोक्कामै रहेको बताएका छन् । सरकारको 'बाधा अड्काउ फुकुवा' निर्णयपछि पनि मन्त्रालयगत खर्च, साना योजना तथा विगतमा सम्पन्न भइसकेका योजनाको रकम निकासा हुन नसकेको गुनासो सार्वजनिक भएको हो ।




मधेश सरकारको असार १८ गते बसेको मन्त्रिपरिषद् बैठकले बजेट कार्यान्वयनमा देखिएको अवरोध हटाउने निर्णय गरेको थियो । सोही निर्णयअनुसार सोमबार प्रदेश राजपत्रमा सूचना प्रकाशित गर्दै केही बजेट शीर्षकमा अर्थ मन्त्रालयको पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था हटाइएको छ ।

चालु आर्थिक वर्षको सुरुवातमा तत्कालीन अर्थमन्त्री सुनिल यादवले जारी गरेको खर्च मापदण्डमा योजना कार्यान्वयन अघि अर्थ मन्त्रालयको पूर्वस्वीकृति अनिवार्य गरिएपछि भौतिक पूर्वाधार विकास मन्त्रालयका ४८ वटा योजनासहित झण्डै एक अर्ब रुपैयाँ बराबरको भुक्तानी रोकिएको थियो । सो व्यवस्थाका कारण अन्य मन्त्रालयका योजनाहरूको भुक्तानीसमेत प्रभावित भएको थियो ।

राजपत्रमा प्रकाशित सूचनाअनुसार खर्च शीर्षक नं. ३१११२ (गैर आवासीय भवन), ३११७२ (पूँजीगत अनुसन्धान तथा परामर्श) र ३१५११ (भैपरी आउने पुँजीगत) अन्तर्गत बजेट कार्यान्वयनका लागि अर्थ मन्त्रालयको पूर्वस्वीकृति आवश्यक नपर्ने व्यवस्था गरिएको छ । सवारी साधन, मेसिनरी, औजार तथा फर्निचर खरिदमा पनि पूर्वस्वीकृति लिनुपर्ने प्रावधान हटाइएको छ । यसका साथै प्रदेश लोक सेवा आयोगका केही दायित्व भुक्तानीका लागि रकमान्तर तथा थप निकासामा रहेको १० प्रतिशतको सीमा पनि लागू नहुने निर्णय गरिएको छ ।

तर मन्त्रालयहरूले भने सरकारले सार्वजनिक गरेको निर्णयले सबै समस्या समाधान नगरेको बताएका छन् ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्याम पटेलले बाधा अड्काउ फुकुवाले वास्तविक समस्या समाधान नगरेको बताए। उनका अनुसार मन्त्रालयका धेरै भुक्तानी अझै बाँकी छन् र अर्थ मन्त्रालयमा पठाइएका भुक्तानी आदेशका फाइल रोकिएर बसेका छन् ।

> मन्त्रिपरिषद् बैठकमा साना योजनादेखि विगतमा सम्पन्न भएका योजनाको भुक्तानीसमेत फुकुवा गर्ने विषयमा छलफल भएको दाबी गर्दै ती निर्णय राजपत्रमा समावेश नगरिएको आरोप लगाए ।

उनले मन्त्रिपरिषद् बैठकमा साना योजनादेखि विगतमा सम्पन्न भएका योजनाको भुक्तानीसमेत फुकुवा गर्ने विषयमा छलफल भएको दाबी गर्दै ती निर्णय राजपत्रमा समावेश नगरिएको आरोप लगाए ।

खेलकुद तथा समाज कल्याण मन्त्री लखन दास तत्माले पनि आफ्नो मन्त्रालयअन्तर्गतका अनुदान तथा अन्य विभिन्न शीर्षकको भुक्तानी अझै रोक्कामै रहेको बताए । विशेषगरी १० लाख रुपैयाँभन्दा कम लागतका सम्पन्न योजनाको रकम निकासा हुन नसकेको जानकारी मन्त्रालय स्रोतले दिएको छ ।

शिक्षा तथा संस्कृति मन्त्री मनोज सिंहले पनि मन्त्रालयगत खर्च तथा साना योजनाको भुक्तानी रोकिएको बताए । ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयले आर्थिक वर्षको सुरुमै खडेरी प्रभावित क्षेत्रमा विपद् व्यवस्थापन कार्यक्रमअन्तर्गत जडान गरिएका बोरिङहरूको भुक्तानीसमेत हालसम्म रोकिएको जनाएको छ ।

उर्जा, सिँचाइ तथा खानेपानी, भौतिक पूर्वाधार विकास तथा उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका कर्मचारीहरूले पनि मन्त्रालयगत विभिन्न खर्च तथा साना योजनाको भुक्तानी आदेश अर्थ मन्त्रालयमै रोकिएको बताएका छन् ।

उनीहरूका अनुसार भुक्तानी फुकुवा गरिएको भनिए पनि व्यवहारमा धेरै फाइल अझै अगाडि बढ्न सकेका छैनन् ।


प्रदेश सचिव पार्वती शर्माद्वारा प्रकाशित राजपत्रको व्यवस्थाले मुख्यतः भौतिक पूर्वाधार विकास मन्त्रालयसँग सम्बन्धित केही बजेट शीर्षकको मात्रै समस्या सम्बोधन गरेको देखिएको छ । अन्य मन्त्रालयले भोग्दै आएका मन्त्रालयगत खर्च, साना योजना तथा विगतमा सम्पन्न भएका योजनाको रोकिएको भुक्तानी फुकुवा भएको स्पष्ट आधार राजपत्रमा उल्लेख नभएको मन्त्रालयका अधिकारीहरूको भनाइ छ ।

यता अर्थ मन्त्रालयले भने कुनै पनि मन्त्रालयको भुक्तानी अनावश्यक रूपमा रोक्का नगरिएको दाबी गरेको छ ।

अर्थ मन्त्रालयका प्रवक्ता जयकुमार राउतका अनुसार राजस्व संकलन अपेक्षाअनुसार हुन नसक्दा सरकारले २० प्रतिशत बजेट कटौती गर्ने निर्णय गरेको थियो । सोहीअनुसार बिल भर्पाइ अपूर्ण भएका, बढी रकम दाबी गरिएका वा औचित्य पुष्टि नभएका योजनाको मात्रै भुक्तानी रोकिएको उनले बताए ।

प्रदेश सरकारले भुक्तानी विवाद समाधान भएको दाबी गरिरहँदा सम्बन्धित मन्त्रालयहरू भने अझै पनि करोडौं रुपैयाँ बराबरका भुक्तानी रोकिएको बताइरहेका छन् । यसले मन्त्रिपरिषद्को 'बाधा अड्काउ फुकुवा' निर्णयले वास्तवमै सबै मन्त्रालयको समस्या समाधान गरेको हो कि सीमित शीर्षकको मात्रै अवरोध हटाएको हो भन्ने प्रश्न उठाएको छ ।





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कारबाही गर

बारा जिल्लाको यातायात कार्यालयका निमित्त प्रमुख चिन्तन आचार्यले सेवाग्राहीलाई कुटपिट गरेको भिडियो सार्वजनिक भएको छ । कार्यालयमा आवश्यक जानकारीका लागि पुगेका सेवाग्राहीलाई निमित्त प्रमुख आचार्यले मरनासन्न हुनेगरी कुटपिट गरेको भिडियोमा देखिन्छ । उनी योग्यताले कार्यालय प्रमुख हुने हैसियत राख्दैन । तर लेनदेनको भरमा उनी कार्यालय प्रमुख रहेका छन् । लामो समयदेखि उनी निमित्त भएर बारा जिल्लाको यातायात कार्यालय चलाउँदै आएका छन् । उनी भन्दा माथिल्लो तहका कर्मचारीहरु मन्त्रालयमा थन्किएका छन् । तर उनी कार्यालय प्रमुख भएर बारामा रजाईं गरिरहेका छन् । देशभरिमै बारा जिल्लाको यातायात कार्यालय कुख्यात छ । आँखा नै नदेख्नेलेपनि रकम दिएपछि लाइसेन्स पाउन सक्ने सहज वातावरण आचार्यले बनाएका छन् । उनले केही बिचौलियाहरु राखेर अहिले पनि रकम लेनदेनको अधारमा सवारी चालक अनुमति पत्र बेच्ने गर्छन् । उनी मधेशी मुलका मैथिल बाहुन भए पनि अन्य निकायहरुलाई भुक्याउन आचार्य थर राखेका छन् । उनले सेवाग्राहीलाई कुटपिट गरिरहेको बखत कार्यकक्षमा दुई जना ट्राफिक प्रहरीपनि उपस्थित थिए । अन्य केही व्यक्तिहरु पनि कार्यकक्षमा देखिन्छन् । तर उनीहरु कर्मचारी होला जस्तो अनुमान गर्न सकिन्छ । कार्यालय प्रमुख आचार्यले सेवाग्राहीमाथि आक्रमण गरेसँगै अन्य व्यक्तिले पनि आक्रमण गरेको र ट्राफिक प्रहरी टुलुटुलु हेरेको देखिन्छ । आचार्यले सेवाग्राहीलाई सेवा दिनु भन्दा कुटपिट गरी ज्यान लिने प्रयास गरेको देखिन्छ । कार्यकक्षमै कुटटिप गर्न थालेको प्रत्यक्ष देखेका ट्राफिक प्रहरीले आफ्नो दायित्व निर्वाह गरेको छैन । ट्राफिक प्रहरीले कार्यालय प्रमुखको आक्रमणमा परेका सेवाग्राहीलाई जोगाउने र तत्काल प्रहरीलाई जानकारी दिनु पर्ने दायित्वबाट विमुख भएको देखिन्छ । कार्यालय प्रमुखले आक्रमण गरिरहँदा जिम्मेवारी निर्वाह नगरेका प्रहरी र आक्रमणमा संलग्न रहेका अन्य कर्मचारीलाई समेत तत्काल कारबाहीको दायरामा ल्याउनु पर्छ । आचार्यले गरेको अपराधलाई क्षम्य मान्न सकिदैन । उनलाई आवश्यक कारबाही गर्न प्रहरी चुक्नु हुँदैन । सेवाग्राहीले आचार्यको कार्यकक्षमा कुनै गलत व्यवहार गरेको देखिदैन । तर उनीमाथि हाकिम र उनका अन्य सहयोगीले सोझै आक्रमण गरे । कार्यालयबाट प्रदान गरिने सेवामा अतिरिक्त रकम नलिइ काम नगर्ने आचार्य र उनको गिरोहलाई कडा कारबाही गर्नुपर्छ । घुस दिएर निमित्त हाकिम बनेका आचार्यले यातायात कार्यालयमा लुट मच्चाएको आरोप लाग्दै आएको छ । आचार्यले बिचौलियामार्फत मात्र नभइ स्वयं पनि प्रत्यक्ष रुपमा घुस लिने गरेको बताइन्छ । घुस लिन उनलाई कुनै भय देखिदैन । कार्यकक्षमा नै सेवाग्राहीलाई कुटपिट गर्ने आचार्यलाई प्रहरीले तत्काल कारबाही प्रक्रिया अगाडि बढाउनु पर्छ । सम्बन्धित मन्त्रालयले उनलाई निलम्बन गर्ने प्रक्रियामा जानु पर्छ । उनको क्रियाकलापले मधेश प्रदेशमा यातायातका प्रमुख बदनाम हुने भएको छ । दोषीलाई कुनै हालतमा छुट दिन हुँदैन ।

# प्रकृतिको प्रकोप कि हाम्रो विकासको कूटचाल ?



● तिर्थ राज पन्थी 'त्रिलोचन'

नेपालको विपदको इतिहास प्राकृतिक प्रकोपहरूको सूची मात्र होइन, पटक पटक दोहोरिएको चेतावनी पनि हो ।

गृह मन्त्रालयको विपद प्रतिवेदन २०२४ अनुसार नेपालमा पछिल्लो ६ वर्षको आंकडा हेर्दा हरेक वर्ष औसत करिब ५,३०० विपदका घटना हुन्छन्, जसमध्ये करिब ९१ प्रतिशत जलवायुजन्य छन्, र भूकम्प तथा सडक दुर्घटनाबाहेकका विपदले करिब ४७० जनाको ज्यान लिन्छन् ।

विभिन्न अध्ययन अनुसार यस्ता विपदका कारण देशले वार्षिक औसत करिब ३ अर्ब रूपैयाँ बराबरको आर्थिक क्षति बेहोर्दै आएको छ। यी तथ्यांकले विपद नेपालका लागि आकस्मिक घटना होइन, निरन्तर दोहोरिने राष्ट्रिय चुनौती भएको स्पष्ट गर्छन् ।

नेपालले यस्ता चेतावनी नयाँ होइन, दशकौंदेखि भोग्दै आएको छ । वि.सं. २०११ को गण्डकी क्षेत्रको बाढीपहिरो देखि २०५० को बागमती-नारायणी हुँदै २०८१ असोजको झ्याप्ले खोला तथा काठमाडौं उपत्यकाको बाढी-पहिरोसम्मका विपदहरूले एउटै सन्देश दिएका छन् ।

विपद दोहोरिन्छ, तर त्यसबाट प्राप्त सिकाइलाई हामी संस्थागत गर्न सकिरहेका छैनौं । हरेक त्रासदीपछि राहत, पुनर्निर्माण र केही समय सार्वजनिक बहस त हुन्छ, तर जोखिम न्यूनीकरण र सुरक्षित विकासप्रतिको प्रतिबद्धता फेरि कमजोर हुँदै जान्छ ।

पछिल्ला वर्षका घटनाले नेपाल अब एकल प्रकोपको होइन, एकपछि अर्को जोखिम जोडिँदै जाने बहु-विपद्को युगमा प्रवेश गरिसकेको देखाएका छन् । मेलम्चीको बाढी र झ्याप्ले खोला लगायतका घटनाले चरम वर्षा, कमजोर पूर्वाधार र अव्यवस्थित विकास एकै ठाउँमा जोडिँदा विपदको स्वरूप कति जटिल बन्न सक्छ भन्ने स्पष्ट पारे ।

इतिहासले दिएको सबैभन्दा ठूलो चेतावनी यही हो - प्राकृतिक जोखिम तीव्र रूपमा बढिरहेको छ, तर त्यसअनुसार हाम्रो तयारी र विकासको सोच अझै रूपान्तरण हुन सकेको छैन ।

### नीति र यथार्थबीचको दुरी

नेपालमा विपद जोखिम न्यूनीकरणका लागि कानुन, नीति र संस्थागत संरचनाको अभाव छैन। संविधानले तीनै तहका सरकारबीच जिम्मेवारी बाँडफाँट गरेको छ भने विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले पूर्वतयारीदेखि पुनर्निर्माणसम्मको स्पष्ट व्यवस्था गरेको छ।

राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्थापना, पूर्वसूचना प्रणालीको विस्तार र स्थानीय तहसम्म विपद व्यवस्थापन योजना निर्माणले नीतिगत रूपमा उल्लेखनीय प्रगति देखाउँछन् ।

तर हरेक मनसुनसँगै दोहोरिने बाढी-पहिरोले एउटा फरक यथार्थ उजागर गर्छ– समस्या नीति निर्माणमा होइन, कार्यान्वयनमा छ । केन्द्रमा बनेका योजना र प्रविधि स्थानीय तहसम्म प्रभावकारी रूपमा पुग्न सकेका छैनन् । धेरै पालिकामा दक्ष जनशक्ति, पर्याप्त बजेट र आवश्यक उपकरणको अभावका कारण विपदको पहिलो सामना गर्ने स्थानीय सरकार नै सीमित स्रोतसाधनका भरमा काम गर्न बाध्य छन् ।

बाजुराको बडिमालिका नगरपालिकाका प्रमुख अमरबहादुर खड्का र लमजुङको साहिलीटारका शिक्षक विष्णुबहादुर खनालले लेखकसँगको छुट्टाछुट्टै फोन वार्तामा पूर्वसूचना प्रणाली दुर्गम समुदायसम्म समयमै नपुग्ने र राहत पनि प्रायः ढिलो अनि अपुग हुने यथार्थ औंल्याएका छन् ।

यी अनुभवले देखाउँछन् कि नेपालको मुख्य चुनौती नयाँ नीति बनाउनु होइन, विद्यमान नीतिको प्रभावकारी कार्यान्वयन हो । संघीय व्यवस्थाले जिम्मेवारी त स्थानीय तहमा पुऱ्याएको छ, तर सीमित वित्तीय अधिकार, कमजोर प्राविधिक क्षमता र अपर्याप्त स्रोतका कारण नीति र व्यवहारबीचको दूरी नै नेपालको विपद व्यवस्थापनको सबैभन्दा कमजोर कडी बनेको छ ।

### राष्ट्रिय तथ्यांकमा नअटाउने भुइँ तहका क्षति


विपदको चर्चा हुँदा हाम्रो ध्यान प्रायः ठूलो बाढी, पहिरो र सयौंको ज्यान जाने घटनामै केन्द्रित हुन्छ । तर भुइँ तहमा विपदको अर्को अनुहार पनि छ, जसले राष्ट्रिय समाचारमा स्थान पाउँदैन । एउटा असिनापानीले किसानको वर्षभरिको बाली नष्ट गर्छ, सानो पहिरोले परिवारको जीविकोपार्जन समाप्त पार्छ, र सामान्य देखिने बाढीले गरिब परिवारलाई वर्षौंका लागि ऋण र अभावको दुष्चक्रमा धकेलिदिन्छ । यिनै अदृश्य क्षतिहरू हजारौं परिवारका लागि सबैभन्दा ठूलो विपद हुन् ।

दैलेखको नौमुले गाउँपालिकामा प्रायः बर्सेनि दोहोरिने असिनापानी यसको प्रतिनिधि उदाहरण हो । राष्ट्रिय तथ्यांकमा ठूलो विपदका रूपमा नदेखिए पनि केही मिनेटको असिनाले किसानको वर्षभरिको मेहनत समाप्त पारिदिन्छ । यसले देखाउँछ कि विपदको असर केवल ज्यान जाने घटनाले मात्र मापन गर्न सकिँदैन; जीविकोपार्जन गुमाउने, गरिबी बढ्ने र खाद्य असुरक्षा गहिरिने घटनाहरू पनि उत्तिकै गम्भीर छन् ।

विपद्पछिको पुनर्स्थापनामा पनि यस्तै यथार्थ देखिन्छ । २०७९ साउनमा आएको पहिरोबाट विस्थापित भएका लमजुङको राइनासका शेरबहादुर विक र टोपबहादुर विकको परिवारलाई सरकारले सुरक्षित स्थानमा पुनः स्थापना गर्न खोज्यो ।

तर नयाँ ठाउँमा खेती गर्ने जमिन र जीविकोपार्जनको आधार नै नभएपछि उनीहरू आजसम्म अस्थायी टहरामै बस्न बाध्य छन् । यसले एउटा महत्वपूर्ण पाठ सिकाउँछ- पुनर्स्थापना भनेको घर बनाइदिनु मात्र होइन, जीवन पुनः स्थापित गर्नु पनि हो ।

यही कारण विपद व्यवस्थापनलाई राहत वितरणमा सीमित राखेर पुग्दैन । प्रभावित परिवारको जीविकोपार्जन, सुरक्षित आवास, सामाजिक सम्बन्ध र आर्थिक पुनः स्थापनालाई समान प्राथमिकता दिन सकिएन भने विपदको वास्तविक पीडा वर्षौंसम्म समाप्त हुँदैन ।



भुइँ तहको यही अदृश्य यथार्थले देखाउँछ कि विपदको सबैभन्दा ठूलो क्षति आँकडामा होइन, मानिसको जीवनमा लेखिएको हुन्छ ।

### विकासले निम्त्याएको जोखिम

नेपालमा विपदको चर्चा हुँदा दोष प्रायः प्रकृतिलाई दिइन्छ । तर पछिल्ला दशकका घटनाहरूले अर्को असहज सत्य उजागर गरेका छन् – धेरै विपद प्राकृतिक भए पनि तिनलाई महाविपदमा रूपान्तरण गर्ने काम हाम्रो विकास पद्धतिले गरिरहेको छ ।

जलवायु परिवर्तनले जोखिम बढाइरहेको छ, तर त्यो जोखिम अझ घातक बनाउने हाम्रो आफ्नै योजना, निर्णय र विकास अभ्यास हुन् । त्यसैले आजको मुख्य प्रश्न प्रकृतिले के गऱ्यो भन्ने होइन, हामीले प्रकृतिलाई बुझेर विकास गरिरहेका छौं कि बेवास्ता गरेर भन्ने हो ।

यसको ज्वलन्त उदाहरण पूर्वाधार निर्माणमा देखिन्छ । आज विकसित मुलुकहरूमा जस्तै नेपालमा पनि जोखिम नक्सांकन, भौगर्भिक र वातावरणीय अध्ययन विस्तार हुँदैछन् । तर ती अभ्यास अझै पर्याप्त, व्यवस्थित र निर्णय प्रक्रियाको अभिन्न आधार बन्न सकेका छैनन् ।

धेरै ठाउँमा वातावरणीय अध्ययनलाई कागजी औपचारिकतामै सीमित गरिन्छ भने, कतिपय सडकहरू भौगर्भिक संवेदनशीलताभन्दा राजनीतिक प्राथमिकताका आधारमा निर्माण भइरहेका छन् । परिणाम स्वरूप, जथाभावी सडक विस्तार, अव्यवस्थित सहरीकरण र प्राकृतिक जलनिकासमा हस्तक्षेपले नयाँ जोखिम सिर्जना गरिरहेका छन् ।

हाम्रो रैथाने 'डोजर संस्कृति' यही प्रवृत्तिको सबभन्दा खतरनाक रूप हो । यसरी खनिएका सडकहरूले नयाँ पहिरो निम्त्याएका छन्, प्राकृतिक जलप्रवाह अवरूद्ध गरेका छन् र वर्षौंदेखि सुरक्षित रहेका बस्तीहरूलाई समेत जोखिममा पारेका छन् ।

संयुक्त राष्ट्रसंघ विश्वविद्यालय र साल्जबर्ग विश्वविद्यालयको अध्ययनले काठमाण्डु उपत्यकाको विपद सामना गर्ने क्षमता पनि कमजोर बन्दै गएको देखाएको छ। यसले स्पष्ट संकेत गर्छ कि समस्या केवल जलवायु परिवर्तनमा होइन, जोखिम बेवास्ता गर्ने विकास सोचमा पनि छ ।

नेपालले अब विकास र विपदलाई अलग अलग विषयका रूपमा हेर्ने पुरानो दृष्टिकोण त्याग्नैपर्छ । सुरक्षित विकास भनेको आयोजना थप्नु मात्र होइन, भविष्यका जोखिम घटाउँदै विकास गर्नु पनि हो । विकासले नागरिकलाई सुरक्षित बनाउनु पर्ने हो; यदि विकासकै कारण जोखिम बढ्छ भने समस्या प्रकृतिमा होइन, हाम्रो विकास मोडलमै छ ।

### अबको बाटो

नेपालमा विपद पूर्ण रूपमा रोक्न सकिँदैन, तर त्यसले निम्त्याउने जनधनको क्षति उल्लेखनीय रूपमा घटाउन भने सकिन्छ ।

त्यसका लागि विपद व्यवस्थापनलाई राहत र उद्धारमा सीमित पुरानो सोचबाट बाहिर निस्केर जोखिम न्यूनीकरणलाई विकास योजनाकै केन्द्रमा राख्नुपर्छ ।

पूर्वाधार निर्माणअघि जोखिम नक्सांकन, भौगर्भिक अध्ययन र वातावरणीय अध्ययन तथा कार्यान्वयन थप प्रभाकारी बनाइनुपर्छ। साथै, विपद जोखिम न्यूनीकरणलाई मनसुनपछिको प्रतिक्रियात्मक विषय होइन, संसद, बजेट र विकास योजनाको स्थायी राष्ट्रिय प्राथमिकता बनाउन आवश्यक छ ।

त्यत्तिकै महत्त्वपूर्ण पक्ष पूर्वतयारी हो। हिमालदेखि तराईसम्म एकीकृत पूर्वसूचना प्रणाली विस्तार गरी हिमताल विस्फोट (नीइँ), आकस्मिक बाढी र पहिरोजस्ता जोखिमबारे समयमै सूचना पुऱ्याउन सकियो भने ठूलो मानवीय क्षति टार्न सकिन्छ ।

पहाडी क्षेत्रमा हाइब्रिड इन्जिनियरिङ प्रवर्द्धन गर्दै अनियन्त्रित 'डोजर संस्कृति' माथि प्रभावकारी नियन्त्रण गर्न सकियो भने विपद जोखिम उल्लेखनीय रूपमा घटाउन सकिन्छ ।


पुनर्स्थापना घर निर्माणमै सीमित हुनु हुँदैन। प्रभावित परिवारलाई सीप विकास, रोजगारी र आयआर्जनका अवसरसँग जोड्नुपर्छ, ताकि उनीहरू पुनः आफ्नै खुट्टामा उभिन सकून्। साथै, घर, कृषि र पशुधनको विपद बीमालाई विस्तार गर्दै जोखिम बाँडफाँट गर्ने वित्तीय संयन्त्र विकास गर्नु पनि उत्तिकै आवश्यक छ ।

विपद प्राकृतिक हुन सक्छ, तर त्यसलाई राष्ट्रिय शोकमा रूपान्तरण गर्ने कारण प्रायः हाम्रो जोखिम-अन्जान विकास, कमजोर कार्यान्वयन र अल्पकालीन सोच नै हो ।

इतिहासले पर्याप्त चेतावनी दिइसकेको छ; अब पनि नबदलिने हो भने हरेक मनसुनसँगै उही शोकगाथा दोहोरिनेछ ।

अन्ततः, विपद प्रकृतिले ल्याउँछ, तर त्यसलाई राष्ट्रिय शोक बनाउने कि राष्ट्रिय पाठ बनाउने भन्ने निर्णय हामी आफै गर्छौं । यो सेतोपाटीडटकमबाट साभार गरिएको छ ।

# बदलिँदो युगमा नेपालले पहिल्याउनुपर्ने अबको कूटनीतिक बाटो



● प्रा. डा. प्रमोद बी. श्रेष्ठ

हालै मैले बंगलादेशका प्रधानमन्त्री तारिक रहमानले गत २२ देखि २६ जुनमा गरेको चीन भ्रमणबारे पढ्ने अवसर पाएँ । यो भ्रमण बङ्गलादेशको परराष्ट्र नीतिमा एउटा महत्वपूर्ण कोसेढुङ्गा सबित भएको छ । व्यापार, लगानी र पूर्वाधार तथा सम्पर्क (कनेक्टिभिटी) सम्बन्धी सम्झौताहरू महत्वपूर्ण भए पनि, दुवै देशले आफ्नो सम्बन्धलाई 'व्यापक रणनीतिक सहकार्य साझेदारी' को स्तरमा उकास्ने निर्णय अझ बढी अर्थपूर्ण देखिन्छ ।

संयुक्त वक्तव्यमा रक्षा क्षेत्रमा सहकार्य विस्तार गर्ने तथा संरचित कूटनीतिक र रक्षा संवाद स्थापना गर्ने, सम्भावनाको खोजी गर्ने प्रतिबद्धताले चीन-बङ्गलादेश सम्बन्धलाई नयाँ चरणमा प्रवेश गराएको संकेत गरेको छ । त्यत्तिकै महत्वपूर्ण विषय हो 'टिस्टा नदी समग्र व्यवस्थापन तथा पुनर्स्थापना परियोजना' मा चीनको संलग्नता । यो मुख्यतः विकाससँग सम्बन्धित परियोजना भए पनि यसले विशेष गरी भारत र नेपालसहित सम्पूर्ण दक्षिण एशियाको ध्यान आकर्षित गरेको छ ।

यसले एउटा गम्भीर भूराजनीतिक प्रश्न पनि उठाएको पाइन्छ । के यस्ता ठूला पूर्वाधार परियोजनाहरूले विकासका अवसरसँगै छिमेकी राष्ट्रहरूबीच विश्वास पनि निर्माण गर्छन्, वा अनायासै अविश्वासको वातावरण सिर्जना गर्छन् ?

नेपालका लागि यो प्रश्न केबल बङ्गलादेश वा चीनसँग सम्बन्धित छैन । यो त नेपालको आफ्नै भविष्यसँग सम्बन्धित प्रश्न हो ।

### हामीले परिवर्तन गर्न नसक्ने भूगोल

इतिहासले सरकार, गठबन्धन र आर्थिक प्राथमिकताहरू परिवर्तन गर्न सक्छ । तर भूगोल स्थायी हुन्छ । चीन, भारत, बङ्गलादेश र नेपाल-जसले जोसँग जस्तोसुकै सम्झौता गरे पनि-सधैँ एक अर्काका छिमेकी नै रहनेछन् ।

भूराजनीतिको सबैभन्दा पुरानो सत्य यही हो । राष्ट्रहरूले आफ्ना मित्र रोज्न सक्छन्, तर आफ्ना छिमेकी रोज्न सक्दैनन् । त्यसैले नेपालको परराष्ट्र नीति भावना, विचारधारा वा क्षणिक भूराजनीतिक उतारचढावबाट निर्देशित हुनु हुँदैन । यसको मार्गदर्शक सिद्धान्त केवल एउटा हुनुपर्छ । त्यो हो- राष्ट्रिय हित ।

### बङ्गलादेशको उदाउदै गरेको रणनीतिक भूमिका

दशकौँसम्म नेपालको रणनीतिक सोच मुख्यतः भारत र चीनको वरिपरि केन्द्रित रह्यो । समुद्रसम्म पुग्ने नेपालको सबैभन्दा नजिकको मार्ग भए पनि बङ्गलादेशलाई अपेक्षित रणनीतिक महत्व दिइएन ।

तर, परिस्थिति तीव्र गतिमा बदलिँदै छ । आज बङ्गलादेश दक्षिण एशियाको सबैभन्दा तीव्र गतिमा विकास भइरहेको अर्थतन्त्रमध्ये एक हो । उत्पादन क्षमता, विस्तार हुँदै गएको पूर्वाधार र आत्मविश्वासी कूटनीतिले उसलाई क्षेत्रीय शक्तिका रूपमा स्थापित गरिरहेको छ ।

नेपालका लागि बङ्गलादेश केवल अर्को छिमेकी होइन, ऊर्जा व्यापार, सम्पर्क विस्तार, पारवहन तथा क्षेत्रीय आर्थिक एकीकरणका लागि दीर्घकालीन साझेदार पनि हो ।

### टिस्टा परियोजना : पानीभन्दा धेरै ठूलो विषय

टिस्टा परियोजना केवल नदी व्यवस्थापनको विषय होइन । यसमा इन्जिनियरिङ, बाढी नियन्त्रण, सिँचाइ, वातावरणीय पुनर्स्थापना, उपग्रह नक्साङ्कन, वित्तीय सहयोग र संस्थागत सहकार्य समावेश छन् ।

जहाँ ठूलो पूर्वाधार निर्माण हुन्छ, त्यहाँ दीर्घकालीन रणनीतिक प्रभाव पनि विस्तार हुन्छ । त्यसैले टिस्टा भारतको सुरक्षा र जल कूटनीतिसँग प्रत्यक्ष जोडिएको हुँदा भारतले यसलाई चासोपूर्वक हेर्नु स्वाभाविक हो ।

तर, नेपालले हरेक क्षेत्रीय घटनालाई केवल भारत-चीन प्रतिस्पर्धाको चश्माबाट मात्र हेर्नु हुँदैन । त्यसो गर्नु भनेको नेपालको आफ्नै रणनीतिक कल्पनाशक्तिलाई सीमित गर्नु हो ।

नेपालले चीनको प्रभाव बङ्गलादेशमा बढ्दै छ कि छैन ? भन्ने प्रश्नभन्दा बढी नेपालले बङ्गलादेशमा स्वच्छ जलविद्युत् कसरी निर्यात गर्न सक्छ ? नेपालले बङ्गलादेशका बन्दरगाहहरूमा अझ सहज पहुँच कसरी प्राप्त गर्न सक्छ ? वा नेपाल-भारत-बङ्गलादेशबीच त्रिपक्षीय सहकार्यलाई कसरी सबैका लागि लाभदायक बनाउन सकिन्छ ? प्रतिस्पर्धी शक्तिहरूको रणभूमि बन्नुभन्दा नेपाल कसरी सहकार्यको सेतु बन्न सक्छ ? जस्ता प्रश्न सोध्नुपर्छ ।

यी नै प्रश्नहरूले नेपालको समृद्धिको मार्ग निर्धारण गर्नेछन् ।

हालै मैले पढेको एउटा सम्पादकीयको एउटा वाक्यले मलाई गहिरो रूपमा छोयो । 'कुनै पनि राष्ट्र कहिल्यै एउटा मात्र रणनीतिक साझेदारमा निर्भर हुनु हुँदैन ।' यो सिद्धान्त नेपालमा पनि उत्तिकै लागू हुन्छ । रणनीतिक स्वायत्तताको अर्थ एक्लोपन होइन । यसको अर्थ सबैसँग समान दूरी कायम गर्नु पनि होइन । यसको वास्तविक अर्थ हो, सबैसँग सम्बन्ध राख्ने, तर आफ्नो निर्णय गर्ने स्वतन्त्रता सुरक्षित राख्ने । सार्वभौम राष्ट्रले व्यापार, लगानी, प्रविधि, सुरक्षा र कूटनीतिमा साझेदारी विविधीकरण गर्नुपर्छ र कुनै एक शक्तिमाथि अत्यधिक निर्भर हुनुहुँदैन । निर्भरता विकल्पहरू सीमित गर्छ । विकल्पहरूले सार्वभौमिकतालाई सुरक्षित राख्न मद्दत गर्छन् । नेपालको मौन रणनीतिक लाभ

दक्षिण एशियाका राष्ट्रहरूमध्ये नेपालको भूराजनीतिक अवस्था अत्यन्तै विशिष्ट छ । नेपालले एशियाका दुई उदाउँदा महाशक्ति-भारत र चीनसँग सीमा जोडेको छ भने बङ्गलादेशसँग पनि आत्मीय र मैत्रीपूर्ण सम्बन्ध कायम राखेको छ ।

यो भूगोल नेपालका लागि 'दुविधा' होइन, 'अवसर' हो । नेपालले आफूलाई स्वच्छ ऊर्जाको क्षेत्रीय निर्यातकर्ता, दक्षिण एशिया र मध्य एशियालाई जोड्ने सेतु, पारवहन तथा लजिस्टिक्स केन्द्र तथा कसैको प्रभावमा नपरी सबैसँग विश्वासपूर्ण साझेदारी गर्ने राष्ट्रका रूपमा विकास गर्न सक्छ ।

तर, यसको लागि राजनीतिक स्थिरता, सक्षम संस्थाहरू, प्रतिस्पर्धी अर्थतन्त्र र राष्ट्रिय हितमा आधारित परिपक्व परराष्ट्र नीति अपरिहार्य छ ।

### चाणक्यको सिद्धान्त

केही दिनअघि मात्र मैले 'चाणक्य नीति' अध्ययन गर्न थालेको छु । दुई हजार वर्षअघि चाणक्यले शासकलाई यस्तो सल्लाह दिएका थिए, 'सबैतिर मित्रता कायम गर, तर आफ्नो राष्ट्रिय हितअनुसार स्वतन्त्र निर्णय गर्ने क्षमता कहिल्यै नगुमाउ ।'

आजको विश्व राजनीतिमा पनि यो शिक्षा उत्तिकै सान्दर्भिक छ । कुनै राष्ट्रको कूटनीतिक सफलताको मापन उसले कति धेरै रणनीतिक साझेदारी गऱ्यो भन्ने आधारमा हुँदैन ।

वास्तविक प्रश्न यो हो, के ती साझेदारीहरूले उसको रोजाइको स्वतन्त्रता विस्तार गर्छन्, कि सीमित बनाउँछन् ?



### निष्कर्ष

चीन-बङ्गलादेश साझेदारी भारतका लागि निःसन्देह बढी रणनीतिक महत्वको विषय हो, किनभने यसले भारतको सुरक्षा, जल कूटनीति र क्षेत्रीय प्रभावसँग प्रत्यक्ष सम्बन्ध राख्छ ।

तर, नेपालको दृष्टिकोणबाट यसको महत्व फरक छ । यसले दक्षिण एशिया नयाँ भूराजनीतिक युगमा प्रवेश गरिरहेको संकेत गर्छ, जहाँ साना राष्ट्रहरूका लागि अवसर पनि बढेका छन् र जिम्मेवारी पनि ।

नेपालको सबैभन्दा ठूलो रणनीतिक सम्पत्ति न त हिमाल मात्र हुन्, न त नदीहरू । नेपालको वास्तविक शक्ति भनेको आफ्नो रणनीतिक स्वायत्तता कायम राख्दै भारत, चीन, बङ्गलादेश तथा विश्व समुदायसँग सन्तुलित, विश्वासपूर्ण र पारस्परिक हितमा आधारित सम्बन्ध विकास गर्न सक्ने क्षमता हो ।

प्रतिस्पर्धी शक्तिहरूको यस युगमा नेपाल कसैको प्रभाव क्षेत्र बन्नु हुँदैन । बरु, नेपालले सबैको विश्वास जित्ने, तर कसैको अधीनमा नपर्ने राष्ट्र बन्ने लक्ष्य राख्नुपर्छ । किनभने कूटनीतिमा मात्र होइन, जीवनमा पनि वास्तविक सार्वभौमिकता भनेको आफ्नो रोजाइको स्वतन्त्रता सुरक्षित राख्नु हो । यो लेख खबरहबडटकमबाट साभार गरिएको छ ।

# जनकपुरधाममा दुर्गा प्रसाईँ

**टुडे समाचारदाता**

जनकपुरधाम । नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईँले आफूलाई जुनसुकै बेला प्रहरी प्रशासनले धरपकड गर्न सक्ने बताएका छन् ।

मेडिकल व्यवसायी दुर्गा प्रसाईं र उनका समर्थकले विगतमा पटक-पटक विभिन्न आरोपमा प्रहरी प्रशासनबाट आफूलाई पक्राउ गर्न सक्ने र धरपकड हुनसक्ने अनुमान गर्दै बताएका छन् ।

दिनको कार्यकाल पूरा गरेको उल्लेख गर्दै प्रसाईंले आफूहरूले त्यसको समीक्षा अझै नगरेको भए पनि छिट्टै सरकारको १०० दिने कार्यसम्पादनको समीक्षा गर्दै भिडियो सार्वजनिक गर्ने जानकारी दिए ।

उनले वर्तमान सरकारले नेपालको अन्तर्राष्ट्रिय सम्बन्धसमेत प्रभावित बनाइरहेको आरोप लगाए । नेपालमा विगतमा कहिल्यै दलाई लामाको जन्मोत्सव नमनाइने



अफवाह फैलाएको र साइबर अपराध जस्ता मुद्दाहरूमा उनी विभिन्न मितिमा पक्राउ परिसकेका प्रसाईँले पछिल्लो समय पनि सरकार र नेतृत्वविरुद्ध कडा आलोचना गर्दै आएका छन् ।

वर्तमान सरकारप्रति कडा टिप्पणी गर्दै सिंहदरबारको प्रणाली सरकारमा रहेका व्यक्तिहरूकै कारण कमजोर बनेको आरोप लगाए ।

पूर्वसांसद धवल शमशेर राणासंगै जनकपुरधाम आइपुगेका प्रसाईँले सञ्चारकर्मीसँग कुरा गर्दै सिंहदरबारमा आगो लगाउनेहरू नै अहिले सत्तामा रहेको दाबी गरे । उनले त्यही कारण अहिले सिंहदरबारको सम्पूर्ण प्रणाली बिग्रिएको आरोप लगाए ।

वर्तमान सरकारले १०० गरेको उल्लेख गर्दै अहिले त्यसलाई मनाउन थालिएको भन्दै यसले नेपालले उक्त विषयलाई स्वीकार गरेको सन्देश गएको दाबी गरे ।

प्रसाईंले आफ्ना भनाइमा सरकारको विदेश नीतिसम्बन्धी विषयमा समेत प्रश्न उठाउँदै राष्ट्रिय हितलाई केन्द्रमा राखेर नीति अवलम्बन गर्नुपर्ने धारणा व्यक्त गरे ।

नागरिक बचाउ महाअभियानको कार्यक्रमअन्तर्गत प्रसाईं मंगलबार जनकपुरधाममा कार्यकर्तासँग भेटघाट गर्ने कार्यक्रम रहेको छ । साथै उनले जानकी मन्दिरमा पूजा-अर्चना गर्ने, नगरमा जुलुस निकाल्ने तथा साँझ जानकी मन्दिर परिसरमा दीप प्रज्वलन कार्यक्रममा सहभागी हुने कार्यतालिका रहेको बताइएको छ ।

# म्याराथन प्रतियोगिता सम्पन्न



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा राष्ट्रिय खुला हाफ म्याराथन प्रतियोगिता सम्पन्न भएको छ । मधेश खेलकुद परिषद्को आयोजना तथा मधेश प्रदेश एथलेटिक्स संघको समन्वयमा सो प्रतियोगिता सम्पन्न भएको हो ।

प्रतियोगितामा देशका सातै प्रदेशबाट महिला तथा पुरुष खेलाडीहरूको सहभागिता जनाएका छन् । पुरुषतर्फ २१ किलोमिटर तथा महिलातर्फ १० किलोमिटर दूरीमा प्रतिस्पर्धा गराइएको मधेश खेलकुद परिषद्ले जनाएको छ ।

परिषद्का सदस्य सचिव शिवजी प्रसाद कानुले महिला र पुरुषतर्फ छुट्टाछुट्टै रुट निर्धारण गरी प्रतियोगिता सञ्चालन गरिएको जानकारी दिए । प्रतियोगितामा निर्धारित दूरी सफलतापूर्वक पूरा गर्दै खेलाडीहरूले प्रतिस्पर्धात्मक प्रदर्शन गरेको उनले बताएका छन् ।

प्रतियोगितामा दुवै विधातर्फ प्रथम हुने खेलाडीलाई २० हजार रुपैयाँ, द्वितीयलाई १५ हजार रुपैयाँ र तृतीयलाई १० हजार रुपैयाँ नगद पुरस्कारसहित सम्मान गरिएको आयोजकले जनाएको छ ।

मधेश खेलकुद परिषद्का अनुसार राष्ट्रियस्तरको यस प्रतियोगिताले प्रदेशमा एथलेटिक्स खेलको विकास, नयाँ प्रतिभाको पहिचान र खेलकुद गतिविधिको विस्तारमा सकारात्मक योगदान पुग्ने विश्वास गरिएको छ ।

यस्ता प्रतियोगिताले खेलाडीलाई आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर उपलब्ध गराउनुका साथै प्रदेशमा खेल संस्कृतिको विकास र खेलप्रतिको आकर्षण बढाउन पनि सहयोग पुग्ने परिषद्को विश्वास छ ।

# समसामयिक विषयमा सरकारको ध्यानाकर्षण

काठमाण्डु । प्रतिनिधिसभाका सांसदहरुले मौलिक हक कार्यान्वयन, विपद् व्यवस्थापन र सीमावर्ती क्षेत्रका नागरिकका समस्या समाधानलगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

सभाको सोमबारको बैठकको विशेष समयमा रास्वपा सांसद प्रभा कार्कीले उद्योग, होटल तथा कर्पोरेट क्षेत्रका श्रमिकले सरकारले तोकेको न्यूनतम पारिश्रमिक नपाएको उल्लेख गर्दै नेपाली श्रम बजारलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपाली कांग्रेसका सांसद अभिशेषकप्रताप शाहले अमेरिकाको सानफ्रान्सिस्कोमा रहेको महावाणिज्य दूतावास बन्द गर्ने निर्णय फिर्ता लिन माग गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद गुरुप्रसाद बरालले संविधानप्रदत्त मौलिक हकको कार्यान्वयनमा गम्भीर बन्न सरकारलाई सुझाव दिनुभयो ।

नेपाली कम्युनिष्ट पार्टीका सांसद धनबहादुर बुढाले डोल्पा जगदुल्ला गाउँपालिका-५ गैरीगाउँमा बाढीपहिरोबाट प्रभावित नागरिकलाई तत्काल राहत दिन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद खुश्बु ओलीले विद्युतीय सवारी साधनको आयातका क्रममा कर छली भएको आशङ्का बढ्दै गइरहेको उल्लेख गर्दै सो सम्बन्धमा छानबिन गरी राजस्व सङ्कलन गर्न सुझाव दिनुभयो ।

श्रम संस्कृति पार्टीका सांसद आरेन राईले सशस्त्र प्रहरी जवान र हबल्दारलाई १६ वर्षमा पेन्सन पाउने व्यवस्था गर्न माग गर्नुभयो । रास्वपाका



सांसद प्रमिला कुलुजुले वैदेशिक रोजगारीमा रहेका नागरिकलाई मताधिकार दिने व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गर्नुभयो ।

कांग्रेस सांसद कालीबहादुर सहकारीले कर्णाली क्षेत्रको समग्र विकासमा विशेष योजना बनाउन सुझाव दिनुभयो ।

रास्वपा सांसद करिष्मा कठरियाले सिकलसेल तथा अन्य अनुवांशिक रक्तविकारबाट प्रभावित बिरामीको संवैधानिक स्वास्थ्यको हक कार्यान्वन गर्न आग्रह गर्नुभयो ।

रास्वपा सांसद आनन्दबहादुर चन्दले खेती प्रणाली, माटो परीक्षण, मल बीउको उपयोगलगायत विषयमा किसानलाई तालिम दिनुपर्नेमा जोड दिनुभयो ।

सोही दलका जगदीश खरेल (दोलखा) ले जनप्रतिनिधिलाई नटेर्ने कर्मचारीलाई तत्काल कारबाही गर्न माग गर्नुभयो । सोही पार्टीका सांसद खगेन्द्र कर्णले सामुदायिक शिक्षामा लगानी अभिवृद्धि गर्न सुझाव दिनुभयो ।

रास्वपा सांसद बुद्धिप्रसाद पन्तले वीरगञ्जका तारे होटलमा सञ्चालित क्यासिनोमा प्रहरी र प्रशासनको मिलेमतोमा नेपाली नागरिकलाई पनि सहजै प्रवेश गराइएको भन्ने गुनासो छानबिन गर्न माग गर्नुभयो । सोही दलका सांसद सृष्टी भट्टराईले राष्ट्रिय राजमार्गमा ढाट राखेर अवैध असुली गर्नेमाथि कारबाही गर्न माग गर्नुभयो ।

सोही पार्टीका सांसद सिर्जना श्रेष्ठले धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भएको भ्रष्टाचारसम्बन्धी फाइल तत्काल अनुसन्धान गर्न आग्रह गर्नुभयो ।

रास्वपा सांसद बोधनारायण श्रेष्ठले रासायनिक मल वितरणसम्बन्धी समस्या समाधान गर्न आग्रह गर्नुभयो । रासस

# दलित समुदायसँग गरिएको प्रतिबद्धता कार्यान्वयन माग

काठमाण्डु । राष्ट्रियसभाको आजको बैठकको शून्य समयमा सांसदहरूले दलित समुदायसँग गरिएको प्रतिबद्धता कार्यान्वयन, सडक सुरक्षा, महङ्गी नियन्त्रण, लैङ्गिक समानता, महिला स्वरोजगार र सार्वजनिक यातायातलगायतका विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

सांसद पदमबहादुर परियारले सरकारको १०० बुँदे शासकीय सुधार कार्यक्रमअन्तर्गत दलित समुदायसँग क्षमायाचना गर्ने तथा सुधारका कार्यक्रम ल्याउने प्रतिबद्धता कार्यान्वयन नभएको भन्दै सरकारसँग जवाफ माग्नुभयो । सांसद मनरुपा शर्माले साझा बसमा निलो रङ प्रयोग गरिएको विषयप्रति आपत्ति जनाउँदै सार्वजनिक सम्पत्तिको पहिचान र मौलिकता जोगाउन आग्रह गर्नुभयो ।

सांसद रुक्मिणी कोइरालाले लैङ्गिक असमानता, जातीय विभेद तथा श्रम शोषण अन्त्यका लागि प्रभावकारी नीति र कार्यक्रम कार्यान्वयन गर्न सरकारसँग आग्रह गर्नुभयो । सांसद रेणु चन्दले बढ्दो सडक दुर्घटनाप्रति चिन्ता व्यक्त गर्दै सडक सुरक्षालाई उच्च प्राथमिकतामा राख्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

यसैगरी सांसद विष्णुकुमारी सापकोटाले महिलालाई स्वरोजगार बनाउने कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न सरकारसँग माग गर्नुभयो ।

सांसद विष्णुदेवी पुडासैनीले भने ट्राफिक नियम कडाइ गर्दा सर्वसाधारणले अनावश्यक सास्ती भोग्नुपर्ने अवस्था आउन नदिन आग्रह गर्दै सडकका खाल्डाखुल्डी तथा असुरक्षित सडक संरचना तत्काल सुधार गर्नुपर्ने बताउनुभयो ।

सांसद श्रीकृष्णप्रसाद अधिकारीले बढ्दो महङ्गीका कारण सर्वसाधारणको जनजीवन कष्टकर बन्दै गएको उल्लेख गर्दै बजार अनुगमनलाई प्रभावकारी बनाउन सरकारसँग आग्रह गर्नुभयो ।

सांसद सावित्री मल्लले कर्णाली राजमार्गमा बढ्दो सवारी दुर्घटनाप्रति सरकारको ध्यानाकर्षण गराउँदै सडक सुरक्षाका उपाय प्रभावकारी रूपमा लागू गर्नुपर्नेमा जोड दिनुभयो । सांसद विष्णुबहादुर विश्वकर्मा र कृष्णबहादुर रोकायले पनि समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो । रासस

# घट्दै सर्पदंशको उपचार लिने बिरामी

महोत्तरी । विषालु सर्पको बिगबिगी भएको महोत्तरीको बर्दिबास आसपासका क्षेत्रमा केही वर्षयता सर्पदंशको उपचार लिने घटेका छन् । बर्दिबास-३ गौरीडाँडास्थित सर्पदंश उपचार केन्द्रमा पछिल्ला चार वर्षयता उपचार लिनेको सङ्ख्या घटेको तथ्याङ्कले देखाएको हो ।

विसं २०७१ साउन ३१ गतेदेखि सेवा थालेको केन्द्रमा आर्थिक वर्ष २०७९/८० यता उपचार लिनेको सङ्ख्या निकै घटेको छ । त्यसअघि वर्षमा चार हजार बढीले उपचार लिने गरेकामा केन्द्रमा २०७९/८० यता यो सङ्ख्या एक हजारमुनि झरेको छ । केन्द्रमा आव २०७९/८० मा ८७८, आव २०८०/८१ मा ८८४ र आव २०८१/८२ मा ७०२ जनाले उपचार लिएका छन् । चालु आव २०८२/८३ को (असार २० गते)सम्मको अवधिमा ७२२ जनाले उपचार लिएका उपचारमा संलग्न नेपाली सेनाको प्राविधिक टोलीका प्रमुख भोला चौधरीले जानकारी दिनुभयो ।



केन्द्रमा स्थापनायताका वर्षमा सबैभन्दा बढी आव २०७७/७८ मा चार हजार १९१ जनाले उपचार लिएका छन् । त्यसैगरी, आव २०७६/७७ मा तीन हजार ९४७, आव २०७८/७९ मा तीन हजार ९३२, आव २०७५/७६ मा तीन हजार ६४१, आव २०७४/७५ मा तीन हजार ५४२, आव २०७३/७४ मा तीन हजार ३९४, आव २०७२/७३ मा तीन हजार ३१० र आव २०७१/७२ मा तीन हजार १२८ जनाले उपचार सेवा लिएका छन् । स्थापनाकालदेखि हालसम्म जम्मा ३२ हजार २७१ जनाले उपचार लिएका केन्द्रको अभिलेखमा उल्लेख छ ।

पछिल्ला चार वर्षमा आसपासका धेरै ठाउँमा सर्पदंश उपचार सेवा सञ्चालनमा आउनु र सहरीकरण बढ्दै जाँदा सर्पले ठाउँ छोड्दै गएपछि घटना कम हुनसँगै उपचार लिनेको सङ्ख्या घट्दै गएको प्राविधिक टोलीका प्रमुख चौधरीको भनाइ छ ।

एक दशकअघिसम्म विषालु सर्पको त्रास रहेको बर्दिबास नगर क्षेत्रमा सर्पदंशका घटना बढेपछि सामुदायिक प्रयत्नबाट सर्पदंश उपचार केन्द्रको स्थापना गरिएको हो ।रासस

# कस्टमर एक्सपेरियन्स जोनसहित साओमीका नयाँ सर्भिस सेन्टर

**टुडे समाचारदाता**

जनकपुरधाम।प्रविधि कम्पनी साओमीले धरानलाइन, इटहरी र लायन्सचोक, नारायणगढमा आधिकारिक सर्भिस सेन्टर सञ्चालनमा ल्याएको छ ।

यी सर्भिस सेन्टर साओमी प्रयोगकर्तालाई थप सेवा, सुविधा प्रदान गर्ने उद्देश्यले स्थापना गरिएको कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

नयाँ सर्भिस सेन्टरमार्फत साओमीका स्मार्टफोन, वेयरेबल्स (जस्तै स्मार्टवाच र फिटनेस ब्यान्ड), हियरेबल्स (इयरफोन/हेडफोन), तथा आईओटी उपकरणको मर्मत, सेवा तथा प्राविधिक सहयोग उपलब्ध गराइने कम्पनीले बताएको छ ।

सर्भिस सेन्टरले साओमीका वास्तविक (जेन्युइन) स्पेयर पाट्‌र्स उपलब्ध गराउनुका साथै ग्राहकलाई गुणस्तरीय र भरपर्दो सेवा सुनिश्चित गर्ने विज्ञप्तिमा जनाइएको छ ।




यी सर्भिस सेन्टरको सञ्चालन टेलिडाइरेक्ट प्रालिले गर्ने बताइएको छ । टेलिडाइरेक्ट रमेश कर्पअन्तर्गतको कम्पनी हो, जसले नेपालभर साओमी ब्रान्डका लागि आधिकारिक सर्भिस र ग्राहकलाई विश्वासयोग्य सेवा प्रदान गर्दै आएको छ ।

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय चन्द्रपुर, रौतहटको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८३/०३/२३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायाधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

| **ऋणीको विवरण** | |
|---|---|
| खहेरु राय यादवको नाति, अनुठा राय यादवको छोरा, रौतहट जिल्ला, साविक धरहरी गा.वि.स./न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देबाही गोनाही गा.वि.स./न.पा. वडा नं. ९ बस्ने **बिरेन्द्र राय यादव** (ना.प्र.नं. ८२३, जारी मिति २०५१/०७/०८, जि.प्र.का. रौतहट) । | |
| **व्यक्तिगत जमानीकर्ताको विवरण** | |
| १. खहेरु राय यादवको नाति, अनुठा राय यादवको छोरा, रौतहट जिल्ला, साविक धरहरी गा.वि.स./न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देबाही गोनाही न.पा. वडा नं. ९ बस्ने **सुरेन्द्र राय यादव** (ना.प्र.नं. ३६१७, जारी मिति २०६३/०८/१०, जि.प्र.का. रौतहट) । | २. महाविर राय यादवको नाति, खहेरु राय यादवको छोरा, रौतहट जिल्ला, साविक धरहरी गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ९ बस्ने **अनुठा राय यादव** (ना.प्र.नं. २६५३००११, जारी मिति २०४२/०२/११, जि.प्र.का. रौतहट) । |
| ३. खहेरु राय यादवको नाति, अनुठा राय यादवको छोरा, रौतहट जिल्ला, साविक धरहरी गा.वि.स./न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देबाही गोनाही न.पा. वडा नं. ९ बस्ने **नागेन्द्र राय यादव** (ना.प्र.नं. ४४३४, जारी मिति २०६३/०९/१९, जि.प्र.का. रौतहट) । | ४. अनुठा राय यादवको बुहारी, सुरेन्द्र राय यादवको पत्नी, रौतहट जिल्ला, साविक धरहरी गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ९ बस्ने **शान्ती देबी** (ना.प्र.नं. २५७/०७५, जारी मिति २०६३/१२/३०, जि.प्र.का. रौतहट) । |
| ५. अनुठा राय यादवको बुहारी, बिरेन्द्र राय यादवको पत्नी, रौतहट जिल्ला, साविक धरहरी गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ९ बस्ने **उर्मिला देबी** (ना.प्र.नं. ४४/०७५, जारी मिति २०६३/१२/३०, जि.प्र.का. रौतहट) । | ६. खहेरु राय यादवको बुहारी, अनुठा राय यादवको पत्नी, रौतहट जिल्ला, साविक धरहरी गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ९ बस्ने **कलसिया** (ना.प्र.नं. ४०८७/१३, जारी मिति २०४५/०२/१४, जि.प्र.का. रौतहट) । |
| ७. खहेरु राय यादवको नाति, अनुठा राय यादवको छोरा, रौतहट जिल्ला, धरहरी गा.वि.स./न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देबाही गोनाही न.पा. वडा नं. ९ बस्ने **हरिन्द्र राय यादव** (ना.प्र.नं. २८/०७५ जारी मिति २०६३/१२/३०, जि.प्र.का. रौतहट) । | ८. अनुठा राय यादवको बुहारी, नागेन्द्र राय यादवको पत्नी, रौतहट जिल्ला, साविक धरहरी गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ९ बस्ने **ववितादेबी** (ना.प्र.नं. २०६/०७५, जारी मिति २०६३/१२/३०, जि.प्र.का. रौतहट) । |
| **धितोको विवरण** | |
| १. अनुठा राय यादव (ना.प्र.नं. २६५३००११, जारी मिति २०४२/०२/११, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक धरहरी गा.वि.स./न.पा. वडा नं. ३ नक्सा सिट नं. ३ स्थित कि.नं. ४२४ को क्षेत्रफल ०-०-१२-० (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।। | |
| २. कलसिया (ना.प्र.नं. ४०८७/१३, जारी मिति २०४५/०२/१४, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक धरहरी गा.वि.स./न.पा. वडा नं. ७ नक्सा सिट नं. ७ स्थित कि.नं. १४६ र १३८ को क्षेत्रफल क्रमशः ०-२-०-० र ०-२-८-० (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । | |

Siddhartha Bank

शाखा कार्यालय : चन्द्रपुर, रौतहट
फोन नं. ०५५-५४०६३०
Website : www.siddharthabank.com

# अधिकांश स्थानमा वर्षाको सम्भावना

काठमाण्डु । देशभर मनसुनी प्रणाली सक्रिय रहेकाले आज काठमाण्डु उपत्यकासहित अधिकांश स्थानमा मेघगर्जन तथा चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका अधिकांश सहरी क्षेत्रमा दिनभर बदली रही वर्षा हुने पूर्वानुमान छ ।

विभागले सार्वजनिक गरेको सहरगत मौसम पूर्वानुमानअनुसार काठमाडौं उपत्यकासहित देशका अधिकांश प्रमुख सहरमा सोमबार दिनभर र रातिको समयमा पनि वर्षाको सम्भावन छ ।

विशेषगरी काठमाडौं, पोखरा, ओखलढुङ्गा, ताप्लेजुङ, जिरी तथा डडेलधुरामा मेघगर्जन र चट्याङसहित मध्यम वर्षाको सम्भावना छ ।

यस्तै, विराटनगर, धरान, धनकुटा, भैरहवा, घोराही, वीरेन्द्रनगर, जुम्ला, दीपायल तथा सिमरामा ४० प्रतिशत वर्षाको सम्भावना रहेको विभागले जनाएको छ । जनकपुर, नेपालगञ्ज र जोमसोममा भने हल्का वर्षाको सम्भावना ३० प्रतिशत रहेको छ ।

राजधानी काठमाण्डुमा सोमबार अधिकतम तापक्रम २९ देखि ३१



डिग्री सेल्सियस रहने अनुमान गरिएको छ । रातिको न्यूनतम तापक्रम २० देखि २२ डिग्री सेल्सियस रहनेछ भने दिन र राति दुवै समयमा मेघगर्जन तथा चट्याङसहित मध्यम वर्षाको सम्भावना रहेको छ ।

पर्यटकीय सहर पोखरामा अधिकतम तापक्रम ३१ देखि ३३ डिग्री सेल्सियस पुग्ने अनुमान गरिएको छ । त्यहाँ दिन र राति दुवै समयमा मध्यम वर्षाको सम्भावना ६० प्रतिशत छ । ओखलढुङ्गा, ताप्लेजुङ र जिरीमा पनि निरन्तर वर्षा हुने सम्भावा रहेकाले पहाडी सडकमा यात्रा गर्दा विशेष सावधानी अपनाउन विभागले आग्रह गरेको छ ।

पूर्वी तराईका विराटनगर, धरान र जनकपुरमा मेघगर्जनसहित वर्षा हुने सम्भावना रहे पनि अधिकतम तापक्रम ३३ देखि ३७ डिग्री सेल्सियस रहने हुँदा गर्मीको प्रभाव पनि कायमै रहने अनुमान छ ।

पश्चिम नेपालका धनगढी, नेपालगञ्ज, भैरहवा र घोराहीमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहे पनि अधिकतम तापक्रम ३५ देखि ३८ डिग्री सेल्सियससम्म पुग्न सक्ने भएकाले वर्षासँगै गर्मी पनि बढ्ने सम्भावना छ । त्यस्तै धनगढी र नेपालगञ्जमा रातिको समयमा पनि हल्का वर्षा हुने अनुमान गरिएको छ ।

हिमाली क्षेत्रका जुम्ला, जोमसोम र ताप्लेजुङमा पनि मेघगर्जन तथा चट्याङसहित वर्षाको सम्भावना रहेको छ । ती क्षेत्रमा लगातारको वर्षाले पहिरोकाकारण सडक यात्रामा जोखिम बढ्न सक्ने भएकाले आवश्यक सतर्कता अपनाउन विभागले सुझाव दिएको छ ।

विभागका अनुसार सक्रिय मनसुनी प्रणालीका कारण केही स्थानमा छोटो अवधिमै मध्यमदेखि भारी वर्षा हुन सक्ने भएकाले नदी, खोला तथा खोल्सामा आकस्मिक बहाव बढ्न सक्छ ।रासस

## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८२/०१/०६ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : गंगाराम यादव**
**सिम्बोल नं.: ३२७०४२४२**
**रजिष्ट्रेशन नं.: ७२२७७६२७३**
**ठेगाना: महोत्तरी**
**मो.नं. ९७४५९७८१६२**

## सूचना! सूचना!! सूचना!!!

धनुषाको औरही गाउँपालिका वडा नं. १ टोल झिटकोहियाको युवा संगठनद्वारा सम्पूर्ण झिटकोहिया गाउँबासीमा हार्दिक अनुरोध । गुठी संस्थानबाट प्रकाशित सार्वजनिक सूचनालाई सबैले गम्भीरतापूर्वक पालना गर्नुहुन अनुरोध गर्दछौं । सम्बन्धित गुठी जग्गामा कुनै पनि नयाँ बाली लगाउने, संरचना निर्माण गर्ने वा अन्य कुनै गतिविधि नगर्नुहोस् । यदि कसैले सार्वजनिक सूचनाको बेवास्ता गरी कुनै गतिविधि गर्नुहुन्छ भने त्यसबाट हुन सक्ने क्षति, नोक्सानी वा कानुनी जिम्मेवारी सम्बन्धित व्यक्तिको आफ्नै हुनेछ । झिटकोहिया युवा संगठन कानुनी प्रक्रिया, सार्वजनिक सम्पत्तिको संरक्षण तथा शान्तिपूर्ण समाधानप्रति पूर्ण रूपमा प्रतिबद्ध रहेको जानकारी गराइन्छ । आउनुहोस्, कानुनको सम्मान गरौं, सार्वजनिक सम्पत्तिको संरक्षण गरौं र सभ्य, जिम्मेवार तथा एकताबद्ध समाज निर्माणमा सबैले हातेमालो गरौं ।

**झिटकोहिया युवा संगठन**

# छाडा चौपाया नियन्त्रण गर्न जरिवाना असुल

**टुडे समाचारदाता**

जनकपुरधाम । सडकमा छाडा पशुचौपाया छाड्ने प्रवृत्तिविरुद्ध जनकपुरधाम उपमहानगरपालिकाले कडा अभियान सञ्चालन गर्दै पाँच सयभन्दा बढी पशु नियन्त्रणमा लिएको छ।



अभियान अन्तर्गत पशुका धनीबाट हालसम्म सात लाख रुपैयाँभन्दा बढी जरिवाना असुल गरिएको उपमहानगरपालिकाले जनाएको छ।

सडक दुर्घटना, सार्वजनिक आवागमनमा अवरोध, बजार क्षेत्रको फोहर व्यवस्थापन तथा पशुको स्वास्थ्यमा गम्भीर असर पर्न थालेपछि उपमहानगरपालिकाले छाडा पशु नियन्त्रण अभियानलाई तीव्र बनाएको जनाइएको छ।

सोमबार आयोजित छाडा पशु व्यवस्थापन तथा प्लास्टिकजन्य फोहर नियन्त्रणसम्बन्धी अन्तरक्रिया कार्यक्रममा नगर प्रमुख मनोजकुमार साहले अब सडकमा पशु छाड्ने प्रवृत्ति कुनै पनि हालतमा सहन नसकिने बताए।

उनले सडकमा छाडिएका पशु नियन्त्रण गरी वडा नम्बर-१२ स्थित गौशालामा राखिएको बताउँदै त्यहाँ हाल पाँच सयभन्दा बढी गाई, गोरु तथा अन्य चौपाया संरक्षणमा रहेको जानकारी दिए।

पशु सडकमा छाडेको प्रमाणित भए सम्बन्धित धनीलाई पाँच हजार रुपैयाँसम्म जरिवाना गर्ने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गरिएको उनले बताए । नगर प्रमुख साहले छाडा पशुको समस्या स्थानीय तहले मात्र समाधान गर्न नसक्ने उल्लेख गर्दै संघ, प्रदेश र स्थानीय सरकारसँगै निजी क्षेत्र, नागरिक समाज तथा सर्वसाधारणको साझा जिम्मेवारी र सहकार्य आवश्यक रहेको धारणा राखे।

कार्यक्रममा मधेश प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. सञ्जयकुमार यादवले छाडा पशु व्यवस्थापनलाई केवल स्थानीय सरकारको दायित्वका रूपमा नहेरी सार्वजनिक स्वास्थ्य, वातावरण संरक्षण र पशु कल्याणसँग जोडिएको साझा विषयका रूपमा लिनुपर्नेमा जोड दिए।

उनले प्लास्टिकजन्य फोहरको अव्यवस्थित व्यवस्थापनका कारण पशुहरू गम्भीर रूपमा प्रभावित भइरहेकाले प्लास्टिकको प्रयोग घटाउने र वैज्ञानिक फोहर व्यवस्थापनमा जोड दिनुपर्ने भने।

भेटेरिनरी अस्पताल तथा पशु सेवा केन्द्र धनुषाका प्रमुख डा. सञ्जीवकुमार ठाकुरले सडकमा फालिएका प्लास्टिकका झोला र फोहरसँगै खाद्य पदार्थ खाँदा गाईवस्तुको पेटमा प्लास्टिक जम्मा हुने, त्यसले पाचन प्रणालीमा समस्या ल्याउने, दूध उत्पादन घटाउने र धेरै अवस्थामा पशुको ज्यानसमेत जाने गरेको बताए।

छाडा पशु नियन्त्रण, प्लास्टिकजन्य फोहर व्यवस्थापन, पशु कल्याण र सुरक्षित तथा स्वच्छ सहरी वातावरण निर्माणका लागि सबै निकायबीच प्रभावकारी समन्वय र नागरिकको सक्रिय सहभागिता अपरिहार्य रहेको भन्ने निष्कर्ष अन्तरक्रियामा सहभागी सरोकारवालाले निकालेका छन्।

# यातायात कर्मचारीले सेवाग्राहीलाई कुटे

**बाराको घटनापछि कार्यालयभित्र सेवाग्राहीको सुरक्षा, कर्मचारीको आचरण तथा सार्वजनिक सेवा प्रवाहमा जवाफदेहिताबारे प्रश्न उठेका छन् । सामाजिक सञ्जालमा घटनाको निष्पक्ष छानबिन गरी आवश्यक कारबाही गर्नुपर्ने मागसमेत जोडदार रुपमा भइरहेको छ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । बारा जिल्लामा ट्राफिक प्रहरीकै अगाडि यातायात व्यवस्था कार्यालयका प्रमुख सहितका कर्मचारीहरुले एक सेवाग्राहीलाई कार्यालय भित्रै कुटपिट गरेका छन् । यातायातका कर्मचारीले सेवाग्राहीलाई कुटेको भिडियो सामाजिक सञ्जालमा अहिले भाइरल भएको छ।




लाइसेन्स बनाउने कामका लागि गएका एक सेवाग्राहीसँग वादविवाद भएपछि ट्राफिक पदाधिकरी अगाडि नै कार्यालय प्रमुख चिन्तन आचार्यसहितका कर्मचारीहरु कुटपिट गरेको भन्ने दृश्य भिडियोमा प्रष्टै देखिन्छ। सामाजिक सन्जाल प्रयोगकर्ताले घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्नुपर्ने मागसमेत गरिरहेका छन्।

कोठाभित्र कार्यालय प्रमुख र उनको अघिल्तिर राखिएको सोफामा दुईजना ट्राफिक प्रहरी र अर्का एक कर्मचारी बसिरहेका छन्। ढोकामा अर्का कर्मचारी उभिरहेको र एकजना सेवाग्राही कार्ड देखाउँदै कार्यालय प्रमुखसँग संवाद गरिरहेको देखिन्छ। सेवाग्राहीले हातमा रहेको कार्ड कार्यालय प्रमुखलाई हेर्न दिन्छन्।

केहीबेर संवाद हुन्छ र त्यसक्रममा सोफामा बसेका सेवाग्राहीले मोबाइल खल्तीबाट निकालेर भिडियो खिच्न खोजेजस्तो देखिन्छ। त्यसपछि कार्यालय प्रमुख आक्रामक हुन्छन्।

त्यतिकैमा ढोकामा रहेका कर्मचारीले सेवाग्राहीलाई जोडले धकेल्छन् । कार्यालय प्रमुख पनि आफ्नो आसनबाट उठेर सेवाग्राहीको गला थिचेको देखिन्छ। त्यसपछि अर्का कर्मचारीले पनि त्यस्तै गरिरहेको देखिन्छ।

सोफामा बसिरहेका प्रहरी उठेर छुट्याउन खोज्छन् । फेरि एक कर्मचारी भित्र आउँछन् र छेउमा रहेका अर्का कर्मचारी बाहिर निस्किएको देखिन्छ । एकछिनपछि मोबाइल समेत खोसेर छोड्छन्। त्यसपछि सेवाग्राहीलाई धम्काइरहेको भिडियोमा देखिन्छ।

प्रारम्भिक जानकारी अनुसार उक्त भिडियो सन् २०२६ मार्च १७ (गत फागुन तेस्रो साता) को रहेको बताइएको छ। यातायात व्यवस्था कार्यालय बाराका निमित्त कार्यालय प्रमुख चिन्तन आचार्यका अनुसार घटनामा संलग्न सेवाग्राही अरुण कुशवाहा हुन्।

आचार्यका अनुसार कुशवाहाले आफू पत्रकार भएको परिचय दिँदै श्रीमती र सालीको चालक अनुमतिपत्र (लाइसेन्स) सम्बन्धी कामका लागि कार्यालय आएका थिए । उनले कर्मचारीहरुलाई धाकधम्कीका साथै गालीगलौज गरेपछि उक्त घटना भएको कार्यालय प्रमुख आचार्यले बताए।

साथै सामाजिक सन्जालमा भाइरल भिडियो पूरा भाग नरहेको र त्यसको सानो क्लिप मात्र काटेर सार्वजनिक गरिएको निमित्त प्रमुख आचार्यको दाबी छ। घटना पश्चात् दुवै पक्ष बसेर मिलापत्र पनि भइसकेको उनको भनाई छ।

यसबारे मधेशको श्रम तथा यातायात मन्त्रालयले पनि चासो व्यक्त गरेको छ। श्रम तथा यातायात मन्त्रालयका निमित्त सचिव रञ्जित यादवले भिडियो सामाजिक सञ्जालमा हेरेको र यस विषयमा मन्त्रालयमा छलफल हुने बताए।

उनले भने 'मैले पनि सामाजिक सञ्जालमै यो भिडियो हिजो देखेँ। आज मन्त्रालयमा यस घटनाबारे छलफल हुन्छ।'

निमित्त प्रमुख आचार्य अधिकृत छैटौं हुन्। तत्कालीन श्रम तथा यातायात मन्त्री मनिष सुमनको पालामा गत पुस महिनामा आचार्य यातायात कार्यालय जनकपुरबाट बारा कार्यालयमा निमित्त प्रमुखको रूपमा सरुवा भएर आएका थिए । बारा कार्यालय प्रमुख रहेका अरबिन्द दास (अधिकृत सातौं)को भने रौतहटको गौर कार्यालयमा सरुवा भएको थियो।

बाराका निमित्त कार्यालय प्रमुख कनिष्ठ भए पनि उनलाई निमित्त प्रमुखको रूपमा जिम्मेवारी दिइएको थियो । उनी त्यसअघि करिब पाँच वर्ष यातायात व्यवस्था कार्यालय जनकपुरमा बिताएका थिए भने त्यसअघि यातायात व्यवस्था कार्यालय लहानमा जिम्मेवारी सम्हालेका थिए।

बाराको घटनापछि कार्यालयभित्र सेवाग्राहीको सुरक्षा, कर्मचारीको आचरण तथा सार्वजनिक सेवा प्रवाहमा जवाफदेहिताबारे प्रश्न उठेका छन् । सामाजिक सञ्जालमा घटनाको निष्पक्ष छानबिन गरी आवश्यक कारबाही गर्नुपर्ने मागसमेत जोडदार रुपमा भइरहेको छ।

# पशु सेवा विज्ञ केन्द्रमा अख्तियारको छापा



**टुडे समाचारदाता**

राजविराज। भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सप्तरीमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरीको टोलीले सोमबार छापामारी गरेको छ।

छापा मार्ने क्रममा अख्तियारको टोलीले भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सप्तरीका कार्यालय प्रमुख रामपवित्र दास र सवारी चालक भोगेन्द्र यादवलाई नियन्त्रणमा लिएको छ।

पशुचौपाया र बाख्राहरूमा लगाइने महामारी जन्य रोग विरूद्ध पिपिआर खोप लगाउन नियुक्ति गरेका भ्याक्सिनेटरहरूसँग भुक्तानीका लागि २० देखि २५ प्रतिशतसम्म रकम प्रति भ्याक्सिनेटर घुस माँगेको उजुरीका आधारमा अख्तियारको टोलीले छापा मारेर उनीहरूलाई नियन्त्रणमा लिइएको जनाइएको छ।

भेटेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र सप्तरीले भ्याक्सिनेटरहरूलाई भ्याक्सिन लगाए बापत प्रति बाख्रा ५ रूपियाँ र पशुचौपायाको १० रूपियाँ दिदै आएको छ।

कार्यालय प्रमुख दासले भ्याक्सिनेटरहरूलाई घुस रकम माग्न सवारी चालकलाई दबाब दिएर फोन गर्न लगाउँने गर्नुभएको थियो। उनीहरूलाई अख्तियारको टोलीले कार्यालयबाटै नियन्त्रणमा लिएको जानकारी पाएको सप्तरीका प्रमुख जिल्ला अधिकारी श्याम कृष्ण थापाले जानकारी दिएका छन्।

# बजेट ८० प्रतिशत रकम शिक्षामै खर्च

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मुखियापट्टी मुसहरनिया गाउँपालिकाले शैक्षिक गुणस्तर सुधारलाई प्राथमिकतामा राख्दै पालिकाको बजेटको ७०–८० प्रतिशत शिक्षा क्षेत्रमा लगानी गर्दै आएको जनाइएको छ।

जनकपुरधाममा आयोजित



प्रधानाध्यापकहरूको संगठन प्रधानाध्यापक संघ नेपाल, मधेश प्रदेश द्वारा आयोजित 'सार्वजनिक शिक्षा रूपान्तरणमा विद्यालय नेतृत्व, स्थानीय सरकार र नीति निर्माणमा साझेदारी' विषयक कार्यक्रममा आयोजित प्यानल छलफलमा गाउँपालिकाका अध्यक्ष जयकुमार यादवले यस्तो बताएका हुन्।

अध्यक्ष यादवका अनुसार वडाध्यक्षहरूलाई छुट्याइने सिलिङ बजेटबाहेक पालिकाको अधिकांश बजेट शिक्षा क्षेत्रमा खर्च गरिदै आएको छ। संघीय तथा प्रदेश सरकारबाट अपेक्षित सहयोग नपाएपछि स्थानीय स्रोत परिचालनगरेरशिक्षाक्षेत्रमालगानी बढाइएको उनले बताए।

उनले आफ्नो कार्यकालअघि गाउँपालिकाका अधिकांश विद्यालयमा छाना, विद्युत्, बत्ती र पंखाजस्ता आधारभूत पूर्वाधारको अभाव रहेको उल्लेख गर्दै हाल अधिकांश विद्यालयमा छत ढलान, विद्युत् जडान तथा पंखाको व्यवस्था गरिएको बताए।

गाउँपालिकाभित्र करिब ७ हजार विद्यार्थी अध्ययनरत रहेको जानकारी दिँदै उनले आफ्नो कार्यकालमा तीन वटा माध्यमिक विद्यालय, एक वटा निम्न माध्यमिक विद्यालय र दुई वटा प्राथमिक विद्यालय थपिएको तथा विभिन्न विद्यालयमा नयाँ कक्षाकोठा निर्माण गरिएको बताए।

विद्यालयमा गुणस्तरीय शिक्षा सुनिश्चित गर्न नियमित अनुगमन प्रणाली लागू गरिएको अध्यक्ष यादवले जानकारी दिए । उनका अनुसार शिक्षक तथा विद्यार्थीको नियमित उपस्थितिदेखि कक्षा सञ्चालन, पठनपाठनको अवधि, विद्यार्थी अनुपस्थितिको कारण र दिवा खाजाको व्यवस्थासम्मको निगरानी मोबाइल प्रविधिमार्फत गरिँदै आएको छ।

विद्यालय भवनलाई विवाह तथा अन्य सामाजिक कार्यक्रमका लागि प्रयोग गर्ने पुरानो अभ्यास अन्त्य गर्न प्रत्येक गाउँमा सामुदायिक दलान निर्माण गरिएको पनि उनले बताए। साथै विद्यालय परिसरमा सञ्चालन हुँदै आएको प्रहरी चौकीलाई स्थानान्तरण गर्न करिब ५० लाख रुपैयाँको लागतमा नयाँ प्रहरी भवन निर्माण गरी विद्यालयको शैक्षिक वातावरण सुधार गरिएको उनले बताए।

छोरीहरूको शिक्षामा पहुँच र निरन्तरता बढाउने उद्देश्यले उच्च माध्यमिक तहमा अध्ययनरत छात्राका लागि निःशुल्क बस सेवा सञ्चालन गरिएको जानकारी पनि अध्यक्ष यादवले दिए । साथै फर्जी विद्यार्थीको नामावली हटाउने, दलित, गरिब तथा विपन्न विद्यार्थीका लागि विशेष छात्रवृत्तिको व्यवस्था गरिएको पनि उनले बताए।

# महोत्तरीमा तीन दिन राहदानी बन्द

**टुडे समाचारदाता**

जलेश्वर। जिल्ला प्रशासन कार्यालय महोत्तरीले राहदानी विभागको नयाँ प्रणाली कार्यान्वयनको तयारीका कारण तीन दिनका लागि राहदानी सेवा स्थगित गर्ने भएको छ।

कार्यालयले सोमबार एक सूचना जारी गर्दै हाल सञ्चालनमा रहेको राहदानी प्रणालीबाट नयाँ डिजिटल प्रणालीमा रूपान्तरण गर्ने क्रममा डाटा माइग्रेसन तथा अन्य प्राविधिक कार्य गर्नुपर्ने भएकाले असार २४ गतेदेखि २६ गतेसम्म राहदानीसम्बन्धी सम्पूर्ण सेवा बन्द रहने जनाएको छ।

कार्यालयका अनुसार उक्त अवधिमा नयाँ राहदानी आवेदन दर्ता (इन-लाइभ), बायोमेट्रिक विवरण संकलन तथा तयार भइसकेका राहदानी वितरणलगायत सबै सेवा अवरुद्ध हुनेछन्। सो अवधिमा सेवाग्राहीले राहदानीसम्बन्धी कुनै पनि सेवा लिन नपाउने भएकाले आवश्यक कामको योजना सोहीअनुसार बनाउन प्रशासनले आग्रह गरेको छ।

जिल्ला प्रशासन कार्यालयले असार २९ गते सोमबारदेखि नयाँ प्रणालीमार्फत राहदानी सेवा नियमित रूपमा सञ्चालन हुने जनाएको छ। नयाँ प्रणाली लागू भएपछि सेवा प्रवाह थप प्रभावकारी, छिटो र व्यवस्थित हुने विश्वास गरिएको कार्यालयको भनाइ छ।

सेवा अस्थायी रूपमा बन्द हुँदा सेवाग्राहीमा पर्न जाने असुविधाप्रति कार्यालयले क्षमायाचना गर्दै नागरिकलाई आवश्यक सहयोग र सहकार्यका लागि अनुरोध गरेको छ। राहदानी विभागले देशभरका जिल्ला प्रशासन कार्यालयहरूमा नयाँ प्रविधिमा आधारित राहदानी प्रणाली लागू गर्ने तयारी गरिरहेको छ।

# राजर्षिजनक विश्वविद्यालयको उपकुलपतिमा लाभ

**टुडे समाचारदाता**

जनकपुरधाम । राजर्षिजनक विश्वविद्यालयका नवनियुक्त उपकुलपति प्रा. डा. श्याम नारायण लाभले सोमबार पदभार ग्रहण गरेका छन्।



जनकपुरधामस्थित उपकुलपतिको कार्यालयमा आयोजित कार्यक्रममा उनले औपचारिक रूपमा पदभार ग्रहण गरेका हुन् । पदभार ग्रहण गर्दै लने विश्वविद्यालयलाई शैक्षिक उत्कृष्टता, अनुसन्धान र सुशासनको केन्द्रका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

कार्यक्रममा निवर्तमान उपकुलपति प्रा. डा. विद्यासागर वर्मा, रजिष्ट्रार प्रा. डा. बलराम झा, विभिन्न संकायका डीन, परीक्षा नियन्त्रक, प्राध्यापक, कर्मचारी तथा विद्यार्थीहरूको उल्लेख्य सहभागिता रहेको थियो।

पदभार ग्रहणपछि उपकुलपति लाभले विश्वविद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि, अनुसन्धानमुखी शिक्षाको प्रवर्द्धन, सूचना प्रविधिमैत्री प्रशासन, समयमै परीक्षा सञ्चालन तथा नतिजा प्रकाशनलाई आफ्नो कार्यकालको मुख्य प्राथमिकतामा राख्ने उनले भने।

उनले विश्वविद्यालयको समग्र विकासका लागि प्राध्यापक, कर्मचारी, विद्यार्थी तथा सरोकारवालाबीच सहकार्य र विश्वासको वातावरण निर्माण गर्दै संस्थालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउने दिशामा काम गर्ने प्रतिबद्धता जनाए।

कार्यक्रममा निवर्तमान उपकुलपति प्रा. डा. विद्यासागर वर्माले नयाँ नेतृत्वलाई सफल कार्यकालको शुभकामना दिँदै विश्वविद्यालयको संस्थागत विकासका लागि निरन्तरता र समन्वय आवश्यक रहेको बताए। सहभागीहरूले उनको नेतृत्वमा विश्वविद्यालयले शैक्षिक, प्रशासनिक तथा अनुसन्धानका क्षेत्रमा थप उपलब्धि हासिल गर्ने विश्वास व्यक्त गरेका छन्।

# गणेशमानका ३२८ परिवारले पाए लालपुर्जा

**टुडे समाचारदाता**

जनकपुरधाम।पुस्तौंदेखिभोगचलन गर्दै आएको गाउँब्लक जग्गाको धनुषाको गणेशमान चारनाथ नगरपालिकाका ३२८ परिवारले अन्ततः कानुनी स्वामित्व प्राप्त गरेका छन्।



नापी कार्यालय धनुषाले गणेशमान चारनाथ नगरपालिका-५, चिसापानीमा आयोजित एक कार्यक्रममार्फत साबिक तल्लो गोदार गाविसका वडा नं. १ देखि ९ तथा हालका वडा नं. ५ र ६ का ३२८ परिवारलाई गाउँब्लक जग्गाको लालपुर्जा वितरण गरेको जनाइएको छ।

नापी कार्यालय धनुषाका प्रमुख उमेश साहले जग्गाको नापजाँच कार्य २०७० सालमै सम्पन्न भए पनि विभिन्न प्राविधिक तथा प्रशासनिक प्रक्रियाका कारण लालपुर्जा वितरणमा ढिलाइ भएको जानकारी दिएका छन् । उनका अनुसार नापनक्सा प्रमाणीकरण, फिल्ड भेरिफिकेसन तथा आवश्यक कानुनी प्रक्रिया पूरा भएपछि अहिले लाभग्राहीलाई लालपुर्जा हस्तान्तरण गरिएको हो।

लालपुर्जा प्राप्त भएसँगै लाभग्राही परिवारले आफ्नो जग्गाको कानुनी स्वामित्व पाएको उल्लेख गर्दै यसबाट बैंकिङ सेवा, ऋण, घर निर्माण तथा अन्य कानुनी कार्यमा सहजता आउने विश्वास व्यक्त प्रमुख साहले गरे। उनले अभिलेख, नापजाँच वा प्राविधिक त्रुटिका कारण लालपुर्जा प्राप्त गर्न नसकेका नागरिकलाई आवश्यक कागजातसहित नापी कार्यालयमा सम्पर्क गर्न आग्रह समेत गरे।

कार्यक्रमलाई सम्बोधन गर्दै गणेशमान चारनाथ नगरपालिकाका नगर प्रमुख जितनारायण यादवले पुस्तौंदेखि भोगचलन गर्दै आएको गाउँब्लक जग्गाको कानुनी स्वामित्व दिलाउन नगरपालिका निरन्तर सक्रिय रहेको धारणा व्यक्त गरे।

वडा जनप्रतिनिधि, नापी कार्यालय तथा सम्बन्धित निकायबीचको समन्वयका कारण लामो समयदेखि रोकिएको लालपुर्जा वितरण प्रक्रिया सफल भएको उनको बताए। नगर प्रमुख यादवले नागरिकलाई जग्गाको कानुनी स्वामित्व उपलब्ध गराउनु राज्यको दायित्व भएको उल्लेख गर्दै अझै लालपुर्जाबाट वञ्चित रहेका परिवारको समस्या पनि चरणबद्ध रूपमा समाधान गरिने प्रतिबद्धता जनाए।

कार्यक्रममा गणेशमान चारनाथ नगरपालिका-५ का वडाध्यक्ष जयचन्द्र भट्टराई, वडा नं. ६ का वडाध्यक्षरञ्जितकुमार साह, नापी कार्यालय धनुषाको टोली नं. १ का प्रमुख रञ्जित यादव, नापी कार्यालयका कर्मचारी, स्थानीय जनप्रतिनिधि तथा ठूलो संख्यामा स्थानीयवासीको सहभागिता रहेको थियो।

# दाउरा प्रहारबाट एक जना गम्भीर घाइते

**टुडे समाचारदाता**

बारा । बाराको निजगढ नगरपालिकामा दुई स्थानीयबीच भएको विवादले हिंसात्मक रूप लिँदा दाउरा प्रहारबाट एक जना गम्भीर घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालय बाराका अनुसार सोमबार दिउँसो करिब १२ बजे निजगढ नगरपालिका-१ गोरु बजारका ५० वर्षीय धनबहादुर घिमिरे र ४० वर्षीय मानबहादुर योन्जनबीच सामान्य भनाभन भएको थियो। विवाद चर्किएपछि घिमिरेले मासु काट्न प्रयोग गरिने दाउले योन्जनमाथि प्रहार गरेका थिए।

दाउरा प्रहारबाट योन्जनको टाउको र गर्दनमा गम्भीर चोट लागेको छ। घाइते उनको मध्यम सिटी अस्पताल, निजगढमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

घटनापछि आरोपित धनबहादुर घिमिरेलाई तत्काल प्रहरीले नियन्त्रणमा लिएको छ । उनलाई इलाका प्रहरी कार्यालय निजगढको हिरासतमा राखी थप अनुसन्धान अघि बढाइएको छ।

घटनाको सूचना प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय निजगढबाट प्रहरी निरीक्षक दाताराम अधिकारीको नेतृत्वमा पाँच सदस्यीय टोली तथा अस्थायी प्रहरी पोस्ट सिगोलबाट असई मनोज तिवारीको नेतृत्वमा दुई सदस्यीय प्रहरी टोली घटनास्थलमा पुगेको थियो।

घटनाको वास्तविक कारण खुल्न बाँकी रहेको र यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८